नेपाल सरकार

उद्योग मन्त्रालय

# घरेलु तथा साना उद्योग विकास समिति

प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ

# ७ दिने डकर्मी रिफ्रेसर तालिम सम्बन्धी सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मिति २०७४।०८।१९)

राष्ट्रिय पूनर्निर्माण प्राधिकरणको सहयोगमा यस समिति र मातहत जिल्ला स्थित समितिको कार्यालयबाट तपशिल बमोजिमका भुकम्प प्रभावित जिल्ला स्थित सम्पूर्ण गाँउपालिका, नगरपालिका, महानगरपालिकामा संचालन गरिने ७ दिने निःशुल्क डकर्मी रिफ्रेसर तालिमको लागि यस भन्दा अगाडी डकर्मी तालिम नलिएका, तोकीएको योग्यता पुगेका नेपाली नागरिकबाट तोकीएको स्थानमा दरखास्त दिनको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**दरखास्त दिने स्थान :**

सम्बन्धित जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति/घरेलु तथा साना उद्योग कार्यालय र सम्बन्धित गाँउ पालिका/नगर पालिका/महानगरपालिका । काठमाण्डौं जिल्ला स्थित महानगरपालिका/नगरपालिकाहरु र भक्तपुर जिल्ला स्थित नगरपालिकाहरुको हकमा घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा समेत दिन सकिने छ । साथै सो अनुसार सम्बन्धित गाँउ पालिका/नगर पालिका/उप-महानगरपालिका/महानगरपालिकाहरुले निवेदन लिनुहुन अनुरोध छ ।

**तालिम संचालन स्थान :**

हरेक गा.पा./न.पा. र महानगरपालिका समेटिने गरि सम्बन्धित जिल्ला स्थित गाँउ पालिका, नगरपालिका, महानगरपालिका कार्यालय र जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति/समितिको प्र.का. को समन्वयमा छनौट गरिने छ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजात :**

तोकीएको ढाँचाको निवेदन फारम, नागरिकताको प्रतिलिपी ।

**दरखास्त दिने अन्तिम म्याद :** मिति २०७४।०९।०४ सम्म ।

**शैक्षिक योग्यता :** साधारण लेखपढ र हरहिसाव गर्न जान्ने ।

**उमेर :** १६ बर्ष पुरा भै ५० बर्ष ननाघेको ।

**बान्छनिय योग्यता :** डकर्मी कामसँग सम्बन्धित श्रमिक र मिस्त्रीहरुलाई विशेष ग्राह्यता दिईनेछ ।

**छनौटको आधार :** अन्तरवार्ता

**अन्तरवार्ता मिति र स्थान :**

अन्तरवार्ता हुने मिति र स्थानको विस्तृत विवरण सम्बन्धित जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति/घरेलु तथा साना उद्योग कार्यालय र समितिको प्रधान कार्यालयबाट मिति २०७४।८।२९ गते कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिनेछ । सो को जानकारी सम्बन्धित गा.पा./न.पा./म.न.पा.मा समेत गराईनेछ ।

**सहभागी सुविधा :**

दैनिक भत्ता रु ७००।-
दैनिक खाना तथा खाजा खर्च : रु १५०।-
नियमानुसार दैनिक यातायात खर्च : रु १००।-
तालिममा प्रयोग भएका तालिम सामाग्री उपकरण तालिम पश्चात सहभागीहरुलाई निःशुल्क हस्तान्तरण ।

**तालिम संचालन हुने जिल्ला र संख्या**

| क्र.स. | जिल्ला | सहभागी संख्या | क्र.स. | जिल्ला | सहभागी संख्या | क्र.स. | जिल्ला | सहभागी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | संखुवासभा | ३०० जना | २ | भोजपुर | ३०० जना | ३ | तेह्रथुम | २०० जना |
| ४ | धनकुटा | ३०० जना | ५ | खोटाङ्ग | ३०० जना | ६ | सोलुखुम्बु | २०० जना |
| ७ | ओखलढुङ्गा | २०० जना | ८ | दोलखा | ३०० जना | ९ | रामेछाप | २०० जना |
| १० | सिन्धुली | ३०० जना | ११ | काठमाण्डौं | १००० जना | १२ | भक्तपुर | ५०० जना |
| १३ | सिन्धुपाल्चोक | ३०० जना | १४ | नुवाकोट | ३०० जना | १५ | रसुवा | २०० जना |
| १६ | धादिङ | ४०० जना | १७ | कास्की | ८०० जना | १८ | तनहुँ | ४०० जना |
| १९ | गोरखा | ३०० जना | २० | लमजुङ | २०० जना | २१ | स्याङ्जा | ४०० जना |
| २२ | बाग्लुङ | ४०० जना | २३ | म्याग्दी | २०० जना | २४ | पर्वत | २०० जना |
| २५ | गुल्मी | ३०० जना | २६ | अर्घाखाँची | ३०० जना | | जम्मा | ८८०० जना |

अन्य कुरा बुझ्नुपरेमा तोकीएका जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति/घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समिति प्र.का. (०१४२६१८४४, ०१४२५६३२० र ०१४२१६७०७) मा सम्पर्क गर्न सक्नुहनेछ ।